# प्रेस काउन्सिल कर्मचारी आचारसंहिता, २०६४

**प्रस्तावना :** प्रेस काउन्सिल नेपालको सचिवालयका कर्मचारीहरूले पत्रकारिताको विकास गर्न, सार्वजनिक नैतिकता र मान्यताको रक्षा गर्न तथा काउन्सिको मर्यादा, प्रतिष्ठा र गरिमालाई अभिवृद्धि गरि काउन्लिको निष्पक्षता र विश्वसनीयता कायम राखी प्रतिष्ठा बढाउने उद्देश्यले काउन्सिलद्वारा देहायबमोजिम प्रेस काउन्सिल कर्मचारी आचारसंहिता, २०६४ स्वीकृत गरि लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो आचारसंहितको नाम "प्रेस काउन्सिल कर्मचारी आचारसंहिता, २०६४" रहेको छ ।

२. यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "काउन्सिल" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम गठित प्रेस काउन्सिल नेपाल सम्भनुपर्छ ।

(ख) "ऐन" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्भनुपर्छ ।

(ग) ''विनियमावली'' भन्नाले प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनिमायवली २०५४ सम्भनुपर्छ ।

(घ) "कर्मचारी" भन्नाले प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली, २०५४ बमोजिम प्रेस काउन्सिल नेपालको कर्मचारी सम्भनुपर्छ ।

**३. प्रेस काउन्सिल कर्मचारीको पदीय आचार :** काउन्सिलका कर्मचारीले देहायको आचारसंहिता पालना गर्नेछन् :-

(क) काउन्सिलको उद्देश्यप्रति सदा निष्ठावान रही इमान्दारीपूर्वक ऐन, नियम र आचारसंहिताको पालना गरि तोकिएका कामहरू सदासयतापूर्वक सम्पादन गर्नेछन् ।

(ख) प्रत्यक्ष वा परोक्षरूपमा आफ्नो नाम राखी वा नराखी कुनै पनि पत्रपत्रिका र सञ्चारमाध्यम सञ्चालन गर्न र पत्रकारिता पेसा व्यवसाय गर्ने छैनन् ।

(ग) काउन्सिलले गरेका निर्णयहरूको सदा सम्मान गरि सोको सदायसतापूर्वक कार्यान्वयन गर्ने, गराउने छन् ।

(घ) आफ्नो पदीय हैसियत वा निजी तवरबाट समेत काउन्सिलको गोपनीयता, विश्वसनीयता वा गरिमामा आँच पुग्ने किसिमको कुनै काम कारबाही गर्न वा गर्न दिन वा गर्न उक्साउने छैनन् ।

(ङ) आफ्नो पदीय कर्तव्यमा असर पर्नेगरि कसैबाट कुनै किसिमको उपहार, दान, चन्दा, सहयोग आदि ग्रहण गर्ने छैनन् ।

(च) आफ्नो पदीय हैसियतबाट कानूनबमोजिम प्रयोगका लागि प्राप्त गरेको कुनै किसिमको सुविधाको दुरुपयोग गर्ने वा गर्न दिने छैनन् ।

(छ) काउन्सिलमा विचाराधीन रहेको वा निर्णय भइसकेको विषयलाई लिएर काउन्सिलको मर्यादा, गरिमा, गोपनियता र विश्वसनीयतामा असर पुऱ्याउने किसिमले सार्वजनिकरूपमा कुनै प्रतिक्रिया वा टिप्पणी व्यक्त गर्ने छैनन् ।

(ज) ऐन नियम वा निर्णयद्वारा तोकिएको काम-कारबाही सम्पादन गर्दा पक्षपात, भनसुन वा द्वेष तथा प्रतिशोधको भावना राखी कुनै काम गर्ने छैनन् ।

(झ) काउन्सिलका कर्मचारीहरूका बिच आपसमा सदा आदर तथा मैत्री, असल र सदभावपूर्ण व्यवहार गर्नेछन् ।

(ञ) काउन्सिलको गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठामा नै आफ्नो पनि गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठा रहेको सम्फी कर्तव्य निर्वाह गर्नेछन् ।

**४. उजुरी :** (१) काउन्सिलको कुनै कर्मचारीले पदीय आचार उल्लङ्घन गरेमा त्यस विषयको उजुरी जो सुकैले पनि काउन्लिमा दिनसक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने उजुरीमा कुन कर्मचारीले कुन आचारको उल्लङ्घन गरेको हो सोको आधार प्रमाण खुलाउनु पर्नेछ ।

(३) उपनिय (१) बमोजिमको उजुरीको सम्बन्धमा कारबाही गर्दा उजुरकर्तासँग कुनै कुरा थप बुझ्न वा विवरण पेश गर्न गराउन सकिने छ ।

(४) उपदफा (१) बमोजिम कुनै उजुरी नपरे पनि कुनै कर्मचारीबाट आचारसंहिता उल्लङ्घन भएको देखेमा त्यस्तो कर्मचारीलाई काउन्सिलले कारबाही गर्न सक्नेछ ।

**५. कारबाही र सजाय :** यस आचारसंहिता उल्लङ्घन गरि कुनै कर्मचारीले कुनै काम गरेमा प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली, २०५४ बमोजिम काउन्सिलले आवश्यक जाँचबुझ गरि कारबाही र सजाय गर्न सक्नेछ ।

***स्पष्ट :*** *यो आचारसंहिता काउन्सिलको मिति २०६४/०३/०८ को बैठकबाट पारित भएको । प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली, २०५४ खारेज भइ प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७६ र हाल सो समेत खारेज भइ प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७९ कार्यान्वयनमा रहेकोले सोहीअनुसार हुने ।*